मनहरी गाउँपालिका,

रजैया मकवानपुर

व्यवसाय दर्ता नवीकरण सम्वन्धी कार्यविधि, २०८०

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रस्तावना :

मनहरी गाउँपालिकाका क्षेत्रभित्र गरिने सम्पूर्ण व्यवसायलाई व्यवस्थित तथा नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मनहरी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१) संक्षिप्त नाम र प्रारम्भिक

परिच्छेद–१ प्रारम्भिक

(क) यस कार्यविधिको नाम "व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०८०" रहेको छ ।

(ख) यो कार्यविधि मनहरी गाउँपालिका क्षेत्रभर लागु हुनेछ । यस कार्यविधि बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा संस्था जहाँसुकै रहे वसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(ग) यो कार्यविधि स्थानीय राजपत्र प्रकाशन गरेको मितिदेखि लागु हुनेछ ।

२) परिभाषाः बिषाय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पदाछ ।

(ख) "गाउँपालिका "भन्नाले मनहरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले मनहरी गाउँपालिकाको कार्यालयलाइ सम्झनु पर्दछ ।

(घ) "कार्यालय " भन्नाले मनहरी गाउँपालिका रहेको गाउँ कार्यपालिकाको कार्यालय कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "व्यवसाय" भन्नाले मनहरी गाउँपालिका क्षेत्रधित्र संचालन गरिने कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै प्रकृतिका व्यावसायिक कारोवार सम्झनु पर्दछ ।

(च) "व्यवसायी" भन्नाले व्यवसायको प्रोपराईटरलाई सम्झनु पर्दछ ।

(छ) "दर्ता" भन्नाले कुनै पनि व्यवसायलाई गाउँपालिका कार्यालयमा दर्ता गरर प्रमाणपत्र दिईने कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) "वडा कार्यालय" भन्नाले मनहरी गाउँपालिका अन्तर्गत वडा कायालयलाई सम्झनु पर्दछ ।

(झ) "गाउँ सभा भन्नाले मनहरी गाउँपालिकाको सभालाइ सम्झनु पर्दछ ।

(ञ) "मुख्य बजार क्षेत्र" भन्नाले लोथर, मनहरी, माथिल्लो ज्यामिरे र रजैया बजार तथा समय समयमा कार्यपालिकाबाट तोकिए बमोजिमको क्षेत्रलाई सम्झनुपर्दछ ।

(ट) "कर" भन्नाले ऐन र यस कार्यविधि बमोजिम मनहरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसायमा पुँजीगत लगानी वा व्यवसायको प्रकृति वा आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी दर्ता र नवीकरणमा लगाउन सक्ने व्यवसाय करलाइ सम्झनुपर्छ र सो शव्दले व्यवसायको करको अतिरिक्त प्रचलित कानून बमोजिम सोमा लाग्ने व्याज हर्जना वा शुल्क वा जरिवाना समेतलाइ जनाउँछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मनहरी गाउँपालिकाका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ ।

परिच्छेद-२

व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

३) मनहरी गाउँपालिका गाउँपालिका क्षेत्रभित्र व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा व्यवसाय दर्ता गर्नुपर्नेछ ।
तर व्यवसाय संचालन गर्नुपुर्व प्रचलित कानून वमोजिम तोकिएको निकायवाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायवाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाको हुनेछ ।
४) यो कार्यविधि प्रारम्भ हुनु अगावै मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता नगरी सञ्चालन भैरहेका व्यवसाय समेत यस कार्यविधि वमोजिम अनिबार्य रुपमा दर्ता गराउनु पर्नेछ ।
५) मदिरा तथा सुर्तिजन्य पदार्थको व्यवसाय दर्ता भए मनहरी गाउँपालिकाको मुख्य बजार क्षेत्र बाहेक अन्य सार्वजनिक स्थल विद्यालय स्वास्थ्य संस्था मठ मन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानबाट ५०० मिटर टाढा हुनुपर्नेछ साथै मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन निर्देशिका, २०७६ का शर्तपालन गर्न व्यवसायीले मञ्जुर गरेको व्यहोरा सम्बन्धित वडा कार्यालयवाट तयार पारिने स्थलगत सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिश पत्रमा स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ ।
६) कुनै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा वढी स्थानमा व्यवसाय सञ्चालन गर्नुपर्ने भएमा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक छुट्टाछुट्टै व्यवसाय दर्ता गराउनुपर्नेछ ।
७) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालन रहेको मानी कर असूल गरिनेछ ।
८) यस कार्यविधि बमोजिम देहाय देहायमा उल्लेखित प्रक्रिया एवम् कागजात संलग्न राखी व्यवसायीले आवेदन गरेमा गाउँपालिका कार्यालयदारा व्यवसाय दर्ता गरी अनुसूचि-६ वमोजिमको व्यवसाय दर्ता प्रमाण-पत्र उपलव्ध गराउनेछ ।
(क) अनुसूची—१ को ढाँचामा निवेदन ।
(ख) वडा कार्यालयको सिफारिश ।
(ग) वडा कार्यालयद्वारा तयार पारिएको स्थलगल सर्जमिन मुचुल्का र व्यवसाय संचालन गर्ने स्थानको चार किल्लामा रहेका व्यक्तिहरुको नेपाली नागरिकताको प्रतिलिपि तर यस कार्यालयमा दर्ता हुनु भन्दा अघि अन्य सरकारी निकायमा दर्ता भइ चालु रहेको व्यवसायको हकमा सर्जमिन मुचुल्का नभए पनि व्यवसाय दर्ता गर्न सकिनेछ ।
(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।
(ङ) व्यवसाय गर्ने भवन रहेको स्थानको कित्ता नम्बर देखिने जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।
(च) दोस्रो व्यक्तिको कोठा/सटर भाडामा लिइ व्यवसाय गर्ने भएमा सम्झौताको प्रतिलिपि ।
(छ) भाडामा दिने व्यक्तिको ना.प्र.प. को प्रतिलिपि ।
(ज) व्यवसाय गर्ने भवन प्रति जमिनमा रहेको भएमा वडा कार्यालयको सिफारीस पत्रमा सो व्यहोरा समेत उल्लेखितको हुनुपर्ने ।
(झ) दुई प्रति पासपोर्ट साइजको फोटो ।
(ञ) व्यवसाय कर तिरेको रसिद ।
(ट) व्यवसाय संचालन गर्ने व्यक्ति स्वयंम् उपस्थित हुनुपर्नेछ ।
(ठ) व्यवसाय दर्ता शुल्क आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।
(ड) सम्पत्तिकर तिरेको रसिद ...
(ढ) वातावरणीय परीक्षण गर्नु पर्ने उद्योगको हकमा स्वीकृत बातावरणीय परिक्षण प्रतिवेदन र अधिकार प्राप्त निकायबाट इजाजत लिएको वा दर्ता गरेको प्रमाणपत्र प्रतिलिपि

९) वैक तथा वित्तिय संस्था वा अन्य संघ संस्थाको हकमा दफा ८ को (क), (ख), (ङ), (च), (छ), (ज),(झ),(ञ), (ट), (ठ), (ड), (ढ) का अतिरिक्त राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

परिच्छेद –३

नविकरण सम्बन्धि व्यवस्था

१०) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालय व्यवसाय दर्ता गरी सकेपछि देहायका कागजात संलग्न राखी प्रत्येक आ.व. को लागि व्यवसाय नविकरण गर्नपर्नेछ ।

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नवीकरण दस्तुर तिरेको रसीद ।

(ग) अनुसूची—२ को ढाँचामा निवेदन

(घ) उपदफा ८ को खण्ड (ढ) बमोजिमको कागजात

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

परिच्छेद –४

व्यवसाय नामसारी सम्बन्धि व्यवस्था

११) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा दर्ता भएको कुनैपनि व्यवसाय तपसिलको अवस्थामा एउटा व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी गर्न सक्नेछ ।

(क) व्यवसायीको मृत्यु भएमा ।

(ख) कुनै व्यवसायीले आफ्नो व्यवसाय अको व्यक्तिलाई विक्री गरेमा ।

(ग) व्यवसायी वेपत्ता भएमा।

(घ) व्यवसायी असक्त भई निजले आफ्नो व्यवसाय आफ्नो अंशियारको नाममा नामसारी गर्न चाहेमा ।

(ङ) व्यवसायी को मगज बिग्रेको चिकित्सकले प्रमाणित गरेमा ।

(च) साझेदारी व्यवसाय एकल गर्नुपरेमा ।

१२) दफा ११ को उपदफा (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिम नामसारी प्रयोजनका लागि तपसिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा रितर्पूवकको निवेदन पेश गर्नुपर्नेछ ।

(क) अनुसूची—३ को ढाँचामा निवेदन

(ख) व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिश मगज विग्रेको भएमा मान्यता प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण र साझेदारी व्यवसाय एकल गर्नुपरेमा दुवै पक्षको सहमती र व्यवसाय विक्री गरेको प्रमाण

(ग) दफा ११ को (क), (ग), (घ) र (ङ) को अवस्थामा नाता प्रमाण पत्रको प्रतिलिपि ।

(घ) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) साविकको व्यवसायी र नामसारी गर्नुपर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपी ।

१३) दफा १२ अनुसार संलग्न प्रमाणहरुको आधारमा नगरपालिका कार्यालयद्वारा आवश्यक छानविन गरी तोकिए बमोजिमको दस्तुर लिई व्यवसाय नामसारी गरिने छ ।

परिच्छेद –५

व्यवसाय दर्ता खारेजी सम्बन्धी व्यवस्था

१४) कुनै व्यवसायीले व्यवसाय वन्द गर्न चाहेमा कानून वमोजिम लाग्ने कर वुझाई व्यवसाय खारेज गर्न तपसिलमा उल्लेखित कागजात संलग्न राखी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(क) अनुसूची—४ को ढाँचामा निवेदन

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र ।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र सक्कल ।

(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि।

(ङ) नवीकरण दस्तुर बुझाएको रसीद ।

(च) व्यवासायी स्वयम् उपस्थित हुनुपर्नेछ ।

१५) दफा १४ अनुसारका कागजातहरुको आधारमा व्यवसाय दर्ता खारेज गर्न मनासिव देखिएमा दर्ता खारेज गरिनेछ

१६) प्रचलित कानून विपरित कारोवार गरेमा गरेमा वा पेशा व्यवसाय सञ्चालन गरेमा र व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्वार उलघंन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह असुल गर्नेछ ।

परिच्छेद–६

व्यवसाय रहने स्थान र व्यवसायको नाम परिवर्तन सम्बन्धी व्यवस्था

१७) यस कार्यविधि बमोजिम एउटा वडामा भाडाको घरमा रहेको व्यवसाय अर्को वडामा स्थानान्तरण गर्न वा एउटै वडाभित्र पनि स्थान परिवर्तन गर्नुपरेमा देहाय अनुसारका कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(क) अनुसूची–५ को ढाँचामा निवेदन

(ख) पहिलेको घरधनीसँग भएको सम्झौता भंग भएको प्रमाण ।

(ग) नयाँ घरधनीसँग भएको सम्झौताको प्रतिलिपि ।

(घ) नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपि ।

(ङ) व्यवसाय रहने कोठा/सटर रहेको जग्गाको कि.नं. स्पष्ट देखिने ज.ध. प्रमाण पुर्जाको प्रतिलिपि ।

(च) नयाँ स्थानमा व्यवसाय सार्नको लागि उद्योगको हकमा वडा कार्यालयद्वारा तयार गरिएको स्थलगत सर्जमिन मुचुल्का ।

(छ) वडा कार्यालयको सिफारिश पत्र ।

(ज) प्रति जमिनमा बनेको कोठा सटरमा व्यवसाय सार्न परेमा वडा कार्यालयको सिफारिश पत्रमा सो व्यहोरा स्पष्ट उल्लेख हुनुपर्नेछ ।

१८) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा दर्ता भइ सकेको व्यवसायको नाम परिवर्तन गर्नुपरेमा तपसिल उल्लेखित कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा रितपुर्वकको निवेदन दिनुपर्ने छ र नगरपालिका कार्यालयले उचित ठहर्याएमा व्यवसायको नाम परिवर्तन सक्ने छ ।

(क) रितपूर्वकको निवेदन ।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र ।

(ग) व्यवसाय दर्ता प्रमाणफत्रको प्रतिलिपि र सक्कल ।

(घ) नविकरण दस्तुर बुझाएको रसीद ।

(ङ) साविकको व्यवसाय र हालको व्यवसायको प्रकृति फरक हुने भएमा वडा कार्यालयद्वारा तयार पारीएको स्थलगत सर्जमिन मुचुल्का ।

१९) एउटै नाममा एकै प्रकृतिका एक भन्दा वढी व्यवसाय दर्ता भएमा पछिल्लो दर्ता भएको व्यवसायको नाम परिवर्तन गर्न सकिनेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

## परिच्छेद –७

### व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी सम्बन्धी व्यवस्था

२०) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा व्यवसाय दर्ता गरी सकेपछि व्यवसायीले प्राप्त गरेको व्यवसाय दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा प्रमाणपत्रको प्रतिलिप प्राप्तीको लागि व्यवसायीले देहायका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछ ।

(क) रीतर्पूवकको निवेदन ।

(ख) वडा कार्यालयको सिफारिस पत्र ।

(ग) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी ।

२१) दफा १९ अनुसार संलग्न प्रमाणको आधारमा तोकिएको दस्तुर लिइ व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराइनेछ ।

२२) नविकरण गर्ने तालिका भरिएका कारण दर्ता प्रमाणपत्र नविकरण गर्नुपरेमा कार्यालयले निशुल्क दर्ता प्रमाणपत्रको प्रतिलिपि उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद –८

### व्यवसाय दर्ता/नवीकरण नगरी सञ्चालन गरेमा कारवाही हुने

२३) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसायलाई क्षेत्रभित्र सञ्चालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नाका लागि पत्राचार/सूचना टाँस गर्नुपर्नेछ ।

२४) दफा (२३) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको ३५ दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा कार्यालयवाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु रोक्का गर्न सक्नेछ साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानवाट प्रवाह हुने सेवा सुविधाहरु रोक्का गर्न सक्नेछ ।

२५) दफा २४ वमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिना भित्र व्यवसाय दर्ता नवीकरण नगरी व्यवसाय सञ्चालन गरेमा कार्यालयले कर धर्ना अटेर गने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून वमोजिम असुल उपर गर्नेछ ।

२६) कार्यालयले ऐन तथा यस कार्यविधि बमोजिम तिर्नुपर्ने, वुझाउनु पने कर रकम दाखिला नगर्ने व्यक्ति वा संस्थाको नाम कार्यपालिकाबाट निर्णय गरी सार्वजनिक गर्न सक्नेछ ।

## परिच्छेद –९

### विविध

२७) कार्यालयले यस कार्यविधि बमोजिम व्यवसायको दर्ता नविकरण नामसारी र खारेजी सम्बन्धि कार्यको सहजताका लागि व्यवसायीलाइ पायक पर्ने स्थानमा घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ ।

२८) कार्यालयले अनुगमन तथा निरीक्षण गरी मनहरी गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरु यस कार्यविधि बमोजिम दर्ता भए नभएको यकिन गरी दर्ता गर्न निर्देशन दिन सक्नेछ ।

२९) गाउँपालिकाले दिएको निर्देशन पालन गर्नु प्रत्येक व्यावसायीको कर्तव्य हुनेछ ।

३०) यो कार्यविधि लागु हुनुपुर्व दर्ता भएका व्यवसायंहरु यसै कार्यविधि वमोजिम दर्ता भएको मानिनेछ ।

३१) गाउँकार्यपालिका कार्यालयले दिएको निर्देशन पालना नगर्ने वा आफ्नो व्यवसाय दर्ता गर्न अटेरी गर्ने व्यवसायीलाई गाउँकार्यपालिका कार्यालय अथवा सम्बन्धित वडा कार्यालयवाट प्रदान गरिने सेवा सुविधा रोक्का राख्न सक्नेछ ।

३२) यस कार्यविधि बमोजिम एकपटक यस गाउँकार्यपालिका कार्यालयमा एक प्रकारको व्यवसाय दर्ता लिई सकेपछि त्यसमा तोकएको दस्तुर लिइ एकै प्रकृतिको व्यवसाय वाहेक अन्य प्रकृतिको अर्को व्यवसाय थप गर्न पाइने छैन । तर अर्को प्रकृतिको नयाँ व्यवसाय थप दर्ता गर्न सकिनेछ ।

३३) व्यवसायीले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसँग सम्बन्धित प्रचलित नियम कानूनको पूर्णपालना गर्नुपर्नेछ ।

३४) संघीय तथा प्रदेश कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरी संचालन गर्नुपर्ने व्यवसायको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

३५) मनहरी गाउँपालिका भित्र सञ्चालन हुने उद्योग वा व्यवसायले उत्पादन वा उत्सर्जन गरेको फोहोरमैला र प्रदूषणको व्यवस्थापन गर्ने जिम्मेवारी स्वयम् व्यवसायीकै हुनेछ ।

३६) व्यवसाय संचालनको क्रममा उत्पादन हुने औद्योगिक, स्वास्थ्य संस्थाजन्य र हानिकारक फोहोरमैला बाहेकको अन्य साधारण फोहारमैला गाउँपालिकाले चाहेमा तोकेको सेवा शुल्क लिई व्यवस्थापन गरिदिन सक्नेछ ।

३७) यस कार्यविधिको पालना गर्नु प्रत्येक गाउँवासीको कर्तव्य हुनेछ ।

३८) यस कार्यविधि कार्यान्वयनको लागि कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतमा निहित रहेको अधिकार अन्य कमाचारीलाई प्रत्यायोजिन गर्न सक्नेछ ।

३९) कार्यविधि अन्तर्गत रही यो कार्यविधि कार्यान्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेश गर्न सक्नेछ ।

४०) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाइ हुनेछ ।

४१) यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि बमोजिम र नलेखिएका कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

अनुसूची–१

व्यवसाय दर्ता निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
मनहरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रजैया मकवानपुर ।

विषय : व्यवसाय दर्ता सम्वन्धमा ।

मैले हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै मनहरी गाउँपालिकामा समय–समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ............................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम र संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगाना
जिल्ला मनहरी गाउँपालिका; वडा नं. ................. मार्ग................ टोल..............................घर नं........

३. व्यवसायीको वुवाको नाम, थर ..................................................

४. व्यवसाय रहने स्थानको ठेगाना; वडा नं. ................. मार्ग.................टोल.................... घर नं. .........

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

५. सम्पर्क फोन नं. ................. मोवाईल नं................................इमेल

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ..........................................................

७. घरधनीको ठेगाना; वडा नं. ................. मार्ग .............. टोल ................. घर नं........................

८. व्यवसायको किसिमको प्रकृति ..............................................................

९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी .......................... चालु पूँजी.................................. )

१०. फर्म/कम्पनीको नाम ..................................................

११. परिचय पाटीको साइज (लम्वाई.............. चौडाई............ वर्गफिट...................................)

११. अन्यत्र दर्ता भए दर्ता नं. ........................ कार्यालय ........................

१३ संलग्न कागजातहरु ;

(क) व्यवसाय कर तिरेको रसिद ।

(ख) वडा कार्यालयको सिफारिश ।

(ग) वडा कार्यालयद्वारा तयार पारिएको स्थलगत सर्जमिन मुचुल्का र व्यवसाय संचालन गने स्थानको चार किल्लामा रहेका व्यक्तिहरुको नेपाली नागरिकताको प्रतिलिपी ।

(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।

(ङ) व्यवसाय गर्ने भवन रहेको स्थानको कित्ता नम्बर देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपी ।

(च) अर्कै व्यक्तिको कोठा/सटर भाडामा लिई व्यवसाय गर्ने भएमा सम्झौताको प्रतिलिपी र मन्जुरीनामा।

(छ) भाडामा दिने व्यक्तिको ना.प्र.प.को प्रतिलिपी ।

(ज) व्यवसाय गर्ने भवन प्रति जमिनमा रहेको भएमा वडा कार्यालयको सिफारीस पत्रमा सो व्यहोरा समेत उल्लेख भएको हुनुपर्ने ।

(झ) दुई प्रति पासपोर्ट साइजको फोटो ।

रेखात्मक सहि

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदक

दस्तखत

नाम, थर ..................

ठेगाना ......................

मिति ..................

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

अनुसूची—२

व्यवसाय नविकरण फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
मनहरी गाउँपालिका रजैया मकवानपुर ।

विषय : व्यवसाय नविकरण सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरर संचालन गरी रहेकोले व्यवसाय नविकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै मनहरी गाउँपालिकावाट समयसमयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु वववरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोस्िम कावााही िएमा मञ्जुर छु ÷छौं ।

१. व्यवसायीको नाम, थर ..............................................

(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला मकवापुर गा.पा मनहरी वडा नं. ......... मार्ग.....................टोल ................ घर नं.................

३. व्यवसायीको वुवा/पतिको नाम, थर ; ...................................................

४. व्यवसाय रहको स्थानको ठे गाना; वडा नं. ................. मार्ग.......................टोल..................घर नं. .....

५. सम्पर्क फोन नं. ............... मोवाईल नं. .............. इमेल ...........................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ........................

७. घरघनीको ठेगाना : वडा नं. ........... मार्ग.............. टोल ............... घर नं. .................

८. व्यवसायको किसिम/प्रकृति : ..................................................................

९. पूँजी लगानी रु. ............ (स्थीर पूँजी............... चालु पूँजी)

१०. फर्म/कम्पनी/व्यवसायको नाम : ..................................................

११. परिचय पाटीको साइज (लम्वाई.............. चौडाई............ वर्गफीट.............)

१२. दर्ता नं. ........................ कार्यालय ........................

१३. संलग्न कागजातहरु

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नविकरण दस्तुर तिरेको रसीद ।

रेखात्मक सहि

| दायाँ | बायाँ |
|---|---|

...................

निवेदक दस्तखत

नाम, थर ..................

ठेगाना ......................

मिति ............................

अनुसूची—३

व्यवसाय नामसारी फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
मनहरी गाउँपालिका रजैया मकवानपुर ।

विषय : व्यवसाय नामसारी सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरर संचालन गरर रहेकोले व्यवसाय नामसारी गर्न आवश्यक कागजात गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै मनहरी गाउँपालिकावाट समय-समयमा दिइने आदेश/निर्देशन समेतत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ............................................
(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगाना
जिल्ला मकवानपुर मनहरी गाउँपालिका वडा नं. ................. मार्ग...............टोल.............घर नं............

३. व्यवसायीको वुवाको नामथर : ..................................................

४. व्यवसाय रहको स्थानको ठे गाना : वडा नं. ................. मार्ग............ टोल........... घर नं. ............

५. सम्पर्क फोन नं. ............. मोवाईल नं. .............. इमेल .........................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर .......................

७. घरघनीको ठेगाना; वडा नं. ................. मार्ग........... टोल ........... घर नं. ....................

८. व्यवसायको किसिम प्रकृति ...................................................................

९. पूँजी लगानी रु. ............... (स्थीर पूँजी .................. चालु पूँजी ............................ )

१०. फर्मा/कम्पनी/व्यवसायको नाम : ..................................................

११. दर्ता नं. ....................... कार्यालय ........................

१२. नामसारी गर्नुपर्ने कारण .........................................................................

१३. संलग्न कागजातहरु :

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नविकरण दस्तुर तिरेको रसीद ।

(ग) व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस, मगज विग्रेको भएमा मान्य प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धि वडा कार्यालयको सिफारिस पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण र साझेदारी व्यवसाय एकल गर्नुपरेमा दुवै पक्षको सहमती र व्यवसाय विक्री गरेको प्रमाण ।

(घ) नाता प्रमाण-पत्रको प्रतिलिपी ।

(ङ) साविकको व्यवसायी र नामसारी गर्नुपर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपी ।

रेखात्मक सहि

| दायाँ | बायाँ |
|---|---|
| | |

..............................
निवेदकको दस्तखत
नाम, थर ..................
ठेगाना ......................
मिति ..................

अनुसूची—४

व्यवसाय वन्द । खारेज फाराम

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

श्रीमान् प्रमुख प्रशासकीय प्रमुख प्रशासकीय अधिकृत ज्यु,
मनहरी गाउँपालिका रजैया मकवानपुर ।

विषय : व्यवसाय वन्द । खारेज सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरेर संचालन गरेर रहेकोले व्यवसाय वन्द । खारेज गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै मनहरी गाउँपालिकावाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही मएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ............................................
(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)
२. व्यवसायीको स्थायी ठेगाना
जिल्ला : कञ्चनपुर गा.पा ; मनहरी वडा नं. .......... मार्ग...............टोल.....................घर नं......
३. व्यवसायीको वुवा/पतिको नाम, थरः ..................................................
४. व्यवसाय रहको स्थानको ठेगाना : वडा नं. ...... मार्ग......... टोल ...... घर नं. .................
५. सम्पर्क फोन नं. ............. मोवाईल नं. ............ इमेल ............................
६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ......................
७. घरधनीको ठेगाना; वडा नं. ............ मार्ग.............. टोल ...... घर नं. ......................
८. व्यवसायको किसिम प्रकृति : .........................................................................
९. पूँजी लगानी रु. ............. (स्थीर पूँजी............ चालु पूँजी ................. )
१०.फर्म/कम्पनी व्यवसायको नामः ..................................................
११. दर्ता नं. ........................ कार्यालय ........................
१२. बन्द/खारेज गर्नुपर्ने कारण ......................................................................
१३. संलग्न कागजातहरु :
(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
(ख) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र सक्कल ।
(ग) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी ।
(घ) चालु आ.व. सम्मको नविकरण दस्तुर बुझाएको रसीद ।
(ङ) व्यवासायी स्वयम् उपस्थित हुनुपर्ने छ ।

रेखात्मक सहि

| दायाँ | बायाँ |
|---|---|
| | |

............................
निवेदकको दस्तखत
नाम, थर..................
ठेगाना ......................
मिति ...................

रमेश सवेदी

...खेती

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

अनुसूची—५

व्यवसाय रहने स्थान/व्यवसायको नाम परिबर्तन सम्वन्धी फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
मनहरी गाउँपालिका रजैया मकवानपुर ।

विषय : व्यवसाय रहने स्थान / व्यवसायको नाम परिबर्तन सम्बन्धमा । मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरर संचालन गरर रहेकोले व्यवसाय व्यवसाय रहने स्थान/व्यवसायको नाम परिवर्तन गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै मनहरी गाउँपालिकावाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ..............................................

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला   गा.पा मनहरी गाउँपालिका  वडा नं........... मार्ग ....................टोल ....................घर नं................

३. व्यवसायीको  वुवा/पतिको  नाम, थर :........................................................

४. हाल व्यवसाय रहेको स्थानको ठेगाना : वडा नं. .................. मार्ग............... टोल ...... घर नं............

५. सम्पर्क फोन नं. .............. मोवाईल नं. ............................. इमेल ............................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ..........................................

७. घरधनीको ठेगाना; वडा नं. ............... मार्ग .............. टोल ........... घर नं. ................................

८. व्यवसायको किसिम/प्रकृतिः............................................................................

९. पूँजी लगानी रु. ............. (स्थीर पूँजी................. चालु पूँजी .:................................ )

१०. फर्म/कम्पनी/व्यवसायको  नाम ; .................................................

११. दर्ता नं. ......................... कार्यालय .......................

१२. व्यवसाय रहने स्थान/व्यवसायको नाम परिवर्तन गर्न कारण .......................

१३. व्यवसाय सञ्चालन हुने नयाँ स्थान गा.पा मनहरी  .......वडा नं........... मार्ग ...... टोल ......घर नं........

१४. परिवर्तन हुने व्यवसाय/फर्म/कम्पनीको नाम    .......................................

१५. संलग्न कागजातहरु :

(क) पहिलेको घरधनीसँग सम्झौता भंग भएको प्रमाण ।

(ख) नयाँ घरधनीसँग भएको सम्झौताको प्रतिलिपि ।

(ग) नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपी ।

(घ) व्यवसाय रहने कोठा/सटर रहेको जग्गाको कि.नं. स्पष्ट देखिने ज.ध. प्रमाण पुर्जाको प्रतिलिपी ।

(ङ) नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालयद्वारा तयार गराएको स्थलगत सर्जमिन मुचुल्का

(च) वडा कार्यालयको सिफारिश पत्र ।

(छ) प्रति जमिनमा बनेको कोठा/सटरमा व्यवसाय सार्न परेमा वडा कार्यालयको सिफारिश पत्रमा सो व्यहोरा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

रेखात्मक सहि

| दायाँ | बायाँ |
|---|---|
| | |

...........................
निवेदकको दस्तखत
नाम, थर ..................
ठेगाना ......................
मिति ..................

अनुसुचि-६

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया मकवानपुर

व्यवसाय दर्ता प्रमाण-पत्र

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

प्रमाण दर्ता नं. ................................ आ.ब................................................ दर्ता मिति ................

उद्योग/व्यवसाय/संघ/संस्था/फर्मको नाम ........................................................................

व्यवसायीको नाम ........................................................................................................

व्यवसायीको पिता/पतिको नाम ........................................................................................

व्यवसायीको ना.प्र.प्र.नं. ................................ जारी जिल्ला .............................. जारी मिति ........

संस्था/फर्म/उद्योग दर्ता नं. ........................................... पान नं. .............................

व्यवसाय सञ्चालन भएको वा हुने मिति ...............................................................

व्यवसाय रहने स्थान .......................................................................................

बाटोको नाम .................................... घर नं. ........................................ टोल .........................

व्यवसाय रहने घरधनीको नाम ............................................................................................

व्यवसाय प्रकृति/किसिम ..........................................................................................................

पुँजी लगानी रु................................ (स्थीर पुँजी..........................................चालु पुँजी ..........................)

व्यवसाय कारोवारहरु ..........................................................................................................

परिचय साइनबोर्डको साइज ...................................................................................................

अन्य विवरण .............................................................................................

सञ्चालक | तयार गर्ने | प्रमाणित गर्ने

<u>शर्तहरु</u>

१. प्रत्येक आ.ब. को कर तोकिएको अवधि भित्र बुझाइ सक्नुपर्नेछ । तोकिएको म्यादभित्र नबुझाएमा प्रचलित ऐन कानुन वमोजिम जरिवाना लाग्नेछ ।

२. व्यवसाय गरिरहेको स्थान परिवर्तन गर्नुपरेमा गाउँपालिकावाट पुर्व स्वीकृति लिनुपर्नेछ ।

३. आफुले सञ्चालन गरेको व्यवसाय वन्द गर्नुपर्दा वा छोड्नु परेमा यस गाउँपालिकामा ३५ दिन भित्र लिखित जानकारी गराउनुपर्नेछ अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्नेछ ।

४. यो प्रमाणपत्र व्यवसाय रहेको स्थानमा सबैले देख्ने गरी राख्नुपर्नेछ र गाउँपालिकावाट अनुगमन/निरीक्षण गर्न आएमा तुरुन्त देखाउनु पर्नेछ ।

५. आफुले सञ्चालन गरेको व्यवसायमा बाल श्रमिकहरुको प्रयोग गर्न पाइने छैन र गरेको देखिएमा कानून वमोजिम कारवाही गरिनेछ ।

६. व्यवसायवाट निस्केको फोहोरहरु व्यवसायी आफैंले व्यवस्थापन गर्नुपर्नेछ ।

७. व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकावाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाण-पत्र रद्द गर्न गर्न सक्नेछ

९. यो प्रमाण-पत्र गाउँपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून वमोजिम कुनै निकायवाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

व्यवसाय नविकरण तालिका

| बार्षिक वर्ष | व्यवसाय कर | बक्यौता/जरिवाना | वहाल कर | जम्मा रकम | रसिद नं. र मिति | पेश गर्ने | नविकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रमाणित गर्ने

.....................

रन्जन कालाखेती

गाउँपालिका अध्यक्ष